# सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बाहबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

बैठक मिति: २०८३।०४।२७ | बैठक संख्या : ४
बैठक प्रारम्भ: | बैठक समापन समय :

---

आ.व. ०८३।०८४ को **चौथो** कार्यपालिका बैठक मिति २०८३।०४।२७ गते बुधबारको दिन यस सभापोखरी गाउँपालिका अध्यक्ष श्री भीम बहादुर लिम्बु ज्यू को अध्यक्षतामा तपसिलका पदाधिकारी ज्यूहरुको उपस्थितिमा कार्यपालिका बैठक बसी देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति:**

| क्र.स | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | श्री भीम बहादुर लिम्बु | गा.पा. अध्यक्ष | | |
| २. | श्री लक्ष्मी चापागाई | गा.पा. उपाध्यक्ष | | |
| ३. | श्री शुशिला विश्वकर्मा | का. वा. वडाध्यक्ष वडा नं. १ | | |
| ४. | श्री राजकुमार राई | वडाध्यक्ष वडा नं. २ | | |
| ५. | श्री खन वहादुर लिम्बु | का. वा. वडाध्यक्ष वडा नं. ३ | | |
| ६. | श्री मनाहाङ्ग राई | का. वा. वडाध्यक्ष वडा नं. ४ | | |
| ७. | श्री मनिष हाङ्गाम लिम्बु | वडाध्यक्ष वडा नं. ५ | | |
| ८. | श्री हेमराज राई | का. वा. वडाध्यक्ष वडा नं. ६ | | |
| ९. | श्री पृथ्वी नारायण राई | कार्यपालिका सदस्य | | |
| १०. | श्री टंक बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | | |
| ११. | श्री कविता लिम्बु | कार्यपालिका सदस्य | | |
| १२. | श्री जमुना राई | कार्यपालिका सदस्य | | |
| १३. | श्री शुसिला राई | कार्यपालिका सदस्य | | |
| १४. | श्री बेल कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | | |
| १५. | श्री बुकु प्रसाद आचार्य | प्रमुख प्रशासकीय अधिकृत | | |

Scanned with CamScanner

सभापोखरी गाउँकार्यपालिकाको आर्थिक बर्ष ०८३।०८४को मिति २०८३।४।२७ गते बसेको चौथो कार्यपालिका बैठक निर्णय

<table>
<tr><th>सिं नं</th><th>प्रस्ताब</th><th>सभापोखरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८३।०४।२७ गतेको निर्णय</th></tr>
<tr><td>१</td><td>आर्थिक बर्ष ०८३।०८४मा खोला खण्डीकरण माछा ठेक्का लगाउने सम्बन्धमा ।</td><td>प्रस्ताब माथि छलफल गर्दा सभापोखरी गाउँपालिका अन्तर्गतका निम्नानुसार खोलाहरुलाई निम्नानुसारको न्यूनतम रकम कायम गरी पेश गरेको बोल कबोल रकम बढाबढमा जुन बढी हुन्छ त्यसलाई कायम गर्ने गरी प्रति खण्ड प्रति शिलबन्दी रु ५०००।०० पाँच हजार मात्र धरौटी लिई खोला खण्डीकरण ठेक्का लगाउन १५ दिने सूचना आवहान गर्ने निर्णय गरियो ।<br>तपशिलः
<table>
<tr><th>खोला खण्ड</th><th>रकम</th></tr>
<tr><td>सभाखोला सातबिसे खोल्सी देखि याक्सुवा दोभान सम्म</td><td>रु ४० हजार</td></tr>
<tr><td>सभाखोला याक्सुवा दोभान देखि सिरिसे सम्म</td><td>रु ३० हजार</td></tr>
<tr><td>सभाखोला याक्सुवा दोभानदेखि साङखोला सम्म</td><td>रु ३० हजार</td></tr>
<tr><td>साङखोला देखि मंजुवाखोला सम्म</td><td>रु ३० हजार</td></tr>
<tr><td>मंजुवा दोभानदेखि फाकुवा खोला बाहेक सबै</td><td>रु ३० हजार</td></tr>
<tr><td>फाकुवा खोला</td><td>रु १० हजार</td></tr>
<tr><td>सभा लंखुवा दोभानदेखि धुपुखोला दोभान सम्म</td><td>रु ४० हजार</td></tr>
<tr><td>धुपुखोला दोभानदेखि यङ्वा खोला दोभान सम्म</td><td>रु ४० हजार</td></tr>
<tr><td>यङ्वा खोला दोभान देखि बन्दुके दोभानसम्म</td><td>रु ४० हजार</td></tr>
<tr><td>लंखुवाखोला पावर हाउस जाने पुलदेखि माथि ओराङखोला दोभान सम्म</td><td>रु ४० हजार</td></tr>
<tr><td>लंखुवा खोला पिखुवा खोला दोभान देखि माथि सबै</td><td>रु ३० हजार</td></tr>
</table>
</td></tr>
<tr><td>२</td><td>सभापोखरी गाउँपालिकाको पुरानो प्रशासकीय भवन निर्माण ठेक्का नं SPRM/DTSD/NCB/02/076-77 का Worldwide/SB JV, खाँदबारी, संखुवासभा सँग भएको खरिद सम्झौता अन्त्य गर्ने सम्बन्धमा ।</td><td>प्रस्ताब माथि छलफल गर्दा यस गाउँपालिकाको प्रशासनिक भवन निर्माण, ठेक्का नं. SPRM/DTSD/NCB/02/076-77 का लागि श्री Worldwide/SB JV, खाँदबारी, संखुवासभासँग मिति २०७७/०३/०९ मा भएको खरिद सम्झौता अनुसार निर्माण कार्य प्रारम्भ भई भवनको प्लिन्थ लेभलसम्म निर्माण भएको अवस्थामा Plinth Beam, Column लगायतका संरचनाको Alignment तथा Grid सम्बन्धमा समस्या (बाङ्गोटिङ्गो रहेको स्वीकृत ड्रईङ डिजाईन अनुसार नभएको) देखिएको तथा सो विषयमा स्थानीयस्तरबाट जनगुनासो आएपछि निर्माण कार्य अगाडि बढ्न नसकेको र उक्त विषयसम्बन्धी विवादमा निर्माण व्यवसायीबाट क्षतिपूर्तिको मागदाबी गरी अदालतमा मुद्दा दायर भई हाल न्यायिक प्रकृयामा रहेको व्यहोरा अवगत नै छ । उक्त निर्माण कार्य बापत निर्माण व्यवसायीलाई हालसम्म कुनै पेश्की तथा रनिङ विल भुक्तानी नभएकोले कुनै सरकारी रकम हानी नवक्सान भएको छैन । गाउँपालिकाको अभिलेख अनुसार सो निर्माण कार्य लामो समयदेखि अगाडि बढ्न नसकेकोले निर्माणस्थल र निर्मित संरचना समेत भवन निर्माण गर्न नमिल्ने अबस्थाको रहेको छ। यसैबीच गाउँपालिकाको कार्यालयले प्रशासनिक कार्य सञ्चालनका लागि नयाँ प्रशासनिक भवन निर्माण कार्य अगाडि बढाई हाल सम्पन्न हुने अन्तिम चरणमा पुगेको हुँदा परानो खरिद सम्झौतालाई यथावत् निरन्तरता दिई रहन व्यवहारिकता तथा सार्वजनिक स्रोतको प्रभावकारी उपयोगका दृष्टिले समेत उपयुक्त नदेखिएकोले उक्त खरिद सम्झौता अन्त्य गर्न मनासिब देखिन्छ।<br>अतः प्रशासकीय भवन निर्माण ठेक्का नं SPRM/DTSD/NCB/02/076-77 का लागि श्री Worldwide/SB JV, खाँदबारी, संखुवासभा सँग मिति २०७७/०३/०९ मा भएको खरिद सम्झौता</td></tr>
</table>

प्रमुख प्रशासकीय अधिकृत

सभापोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाह्रबिसे, संखुवासभा कोशी प्रदेश, नेपाल २०७३

| | | |
|---|---|---|
| | | अनुसार निर्माण कार्य हुन नसकेको र भए गरेका कार्य समेत न्यून गुणस्तरको भएकाले सम्झौता अन्त्य गर्दा सम्झौता तथा प्रचलित कानून तथा अदालतबाट हुने अन्तिम आदेश/फैसला बमोजिम अन्तिम निर्णय गर्ने गरी खरिद सम्झौता अन्त्य गर्न आबस्यक भएकोले सार्वजनिक खरिद ऐन २०६३को दफा ५९ को उपदफा ४ मा खरिद सम्झौतामा अन्यथा व्यबस्था भएकोमा बाहेक सार्वजनिक निकायले सार्वजनिक हितका लागि सुबिस्ताका आधारमा खरिद सम्झौताको अन्त्य गर्न सक्नेछ भन्ने व्यबस्था रहेकोले सोही दफा बमोजिम निज World Wide/S.B.JV सँग भएको सभापोखरी गाउँपालिकाको प्रशासकीय भवन निर्माण ठेक्का नं SPRM/DTSD/NCB/02/076-77 को खरिद सम्झौता आज मिति २०८३।०४।२७ बाट अन्त्य गर्ने निर्णय गरियो । |
| ३ | आय ठेक्का सम्बन्धमा । | सभापोखरी गाउँपालिकाका आर्थिक बर्ष २०८३।०८४को लागि आर्थिक ऐनमा उल्लेखित दरमा कार्यालयबाट उठाईने सेवा शुल्क कर दस्तुर बाहेक अन्य पार्किङ शुल्क सरसफाई र निकासी कर जस्ता कर संकलन गर्न रु १००००००।०० मूल्य तोकि १५ दिनको सूचना आवहान गर्ने र निवेदन पेश नभएमा साबिक बमोजिम गाउँपालिकाले निर्णय गरी कार्यान्वयन गर्ने निर्णय गरियो । ठेक्का नलागेसम्म साबिक अनुसार नै कर संकलन गर्ने निर्णय गरियो । |
| | सभमपोखरी आधारभूत अस्पतालको लागि Digital X-Ray मेसिन खरिद सम्बन्धमा । | प्रस्ताब माथि छलफल गर्दा सभापोखरी आधारभूत अस्पतालको लागि नेपाल सरकारबाट बिनियोजन भएको सशर्त अनुदान खर्च शिर्षक ३७०००११४ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा बिनियोजन भएको रकम रु बाट रु २०,००,०००।०० अक्षेरुपी बीस लाख भित्र रहेर Electronic Bidding System अपनाई बोलपत्र आवहान गरी Digital X-Ray मेसिन खरिद गर्ने निर्णय गरियो । |
| ५ | Optical Assistant करार सेवामा पदपूर्ति गर्ने सम्बन्धमा । | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको आधारभूत अस्पतालमा रिक्त रहेको Optical Assistant सहायक चौथौ प्रचलित कानुन बमोजिमको तलब भत्ता पाउने गरी करार सेवामा पदपूर्ति गर्ने निर्णय गरियो । |

सभापोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

सभापोखरी गाउँकार्यपालिकाको आर्थिक बर्ष ०८३।०८४को मिति २०८३।४।२७ गते बसेको चौथो कार्यपालिका बैठक निर्णय

| | | |
|---|---|---|
| ६ | धुपु वृहत खानेपानी योजना ठेक्का नं. SPRM/FM/NCB/06/077/078 को निर्माण कार्य गर्न सभापोखरी गाउँपालिका र निर्माण सुनकोशी-हलेसी जे.भी., काठमाण्डौं बेरुजु सम्परीक्षण गर्ने सम्बन्धमा। | सभापोखरी गाउँपालिकाको २०७८/७९ सालको महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनको दफा २७<br>**व्यहोरा**<br>धुपु बृहत खानेपानी योजना ठेक्का नं. ६-२०७७/७८ को निर्माण व्यवसायी सुनकोशी-हलेसी जे.भी., काठमाण्डौं संग ९९९९९९।९८ मिति २०७८।०३।१५ मा निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा २०७८।०८।३० सम्म म्याद थप गरेको देखिन्छ। तर सो अवधीमा पनि निर्माण कार्य सम्पन्न गरेको नदेखिएकोले रु ८८४९५५७।५० को १० प्रतिशतले हुने रु ८८४९५५।७५ पुर्वनिर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने देखिएको रु ८८४९५५।७५<br>**निस्कर्ष**<br>धुपु वृहत खानेपानी योजना ठेक्का नं. SPRM/FM/NCB/06/077/078 को निर्माण कार्य गर्न सभापोखरी गाउँपालिका र निर्माण कम्पनि विच मिति २०७८।०१।२७ गते मिति २०७८।०३।१५ गते सम्पन्न गर्ने गरी सम्झौता भएको। उक्त निर्माण कार्य सम्पन्न गर्ने मिति २०७८।०८।२० सम्म थप भएको र दोस्रो पटक मिति २०७९।०३।२३ गतेको कार्यपालिका बैठक निर्णयानुसार उक्त योजनाको कार्य सम्पन्न गर्ने अन्तिम म्याद मिति २०७९।०५।३० सम्म थप भएको।<br>यस धुपु वृहत खानेपानी योजनको निर्माण कार्यको सम्बन्धमा तत्कालीन समयमा निर्माण व्यवसायाबाट आयोजना पूर्ण रुपमा सम्पन्न नभएको भनि महालेखापरीक्षकको कार्यालयबाट परीक्षण हुँदा सम्झौता बमोजिमको कार्य सम्पन्न नभएको अवस्थामा १० प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने व्यहोरा बेरुजु प्रतिवेदनमा औंल्याईएको थियो। उक्त आयोजनाको निर्माण कार्य ९५.२० प्रतिशत सम्पन्न भएको लामो समय व्यतीत भइसकेको र आयोजनाको प्रमुख संरचनाहरु निर्माण भई हाल ती संरचनाहरु प्रयोगमा रहेको अवस्था छ। उक्त निर्मित संरचनाहरुलाई उपयोग गरी स्थानीय उपभोक्ताहरुलाई नियमित रुपमा खानेपानी सेवा उपलब्ध गराई आयोजना सञ्चालनमा रहेको छ। यस सम्बन्धमा आयोजनाको वर्तमान अवस्था यकिन गर्न प्राविधिक रुपमा स्थलगत निरीक्षण तथा नापजाँच गरी हेर्दा निर्माण भएका प्रमुख संरचनाहरु उपयोगमा रहेको र खानेपानी सेवा सञ्चालनमा रहेको पाइएको छ। बाँकी रहेका/सम्पन्न नभएका कार्यहरको विवरणसमेत यकिन गरी अभिलेखमा समावेश गरिएको छ। साथै आयोजनाको वर्तमान अवस्था, निर्मित संरचनाहरुको उपयोगिता तथा सार्वजनिक प्रयोजनमा भइरहेको प्रयोगलाई समेत मध्यनजर गरी यस कार्यालयको मिति २०८२/१२/१२ गतेको १३औं कार्यपालिका बैठक निर्णय नं. ४ बाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ को उपनियम २(क) मा उल्लेखित व्यवस्था अनुसार ९० प्रतिशत भन्दा बढी कार्य सम्पादन भएको सो निर्माण कार्यको सामान्य प्रयोग वा संचालन भएको अवस्थामा कार्य स्वीकार गरी प्रतिवेदन तयार गर्न सकिने व्यवस्था रहेकोले उक्त आयोजनाबाट निर्माण भएका संरचनाहरुलाई स्वीकार गरी खानेपानी आयोजना सञ्चालनमा राख्ने निर्णय भएको छ। सो निर्णय अनुसार आयोजनाको कार्यलाई हालको अवस्थामै स्वीकार गरी आयोजना सञ्चालन तथा उपयोगमा ल्याइएको अवस्था रहेको छ। अतः महालेखापरिक्षकको प्रतिवेदनमा औंल्याइएको बेरुजु निर्माण कार्य ९५.२० प्रतिशत सम्पन्न भएका आयोजनामा अशुल उपर गर्नुपर्ने कानुनी व्यबस्था नरहेकोले आयोजनाको वर्तमान अवस्था, प्राविधिक मूल्याङ्कन/नापजाँच, निर्मित संरचनाहरुको सार्वजनिक उपयोग तथा कार्यपालिकाको निर्णयबाट कार्य स्वीकार गरिएको व्यहोरा प्रमाणित हुने कागजातहरु संलग्न गरी उक्त बेरुजु फर्छौटका लागि पेश गर्ने निर्णय पारित गरियो। |

प्रमुख प्रशासकीय अधिकृत

सभापोखरी गाउँकार्यपालिकाको आर्थिक बर्ष ०८३।०८४को मिति २०८३।४।२७ गते बसेको चौथो कार्यपालिका बैठक निर्णय

| | | |
|---|---|---|
| ७ | गाउँपालिका प्रशासकीय भवनको लागि फर्निचर तथा फर्निसिङ खरिद सम्बन्धमा। | प्रस्ताब माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको नब निर्मित प्रशासकीय भवनको लागि फर्निचर तथा फर्निसिङ आबस्यक भएकोले १७ औ गाउँसभाबाट बिनियोजित बजेटको परिधीभित्र रही प्रबिधिक स्टिमेट गरी दरेट माग गरी Electronic Bibbing System अपनाई बोलपत्र आवहान गरी रु ४००००००।०० मा नबढ्ने गरी फर्निचर तथा फर्निसिङ खरिद गर्ने निर्णय गरियो। |
| ८ | आ ब ०८२।०८३को खर्च समिक्षा तथा सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा | प्रस्ताब माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३मा संचालन भएको बजेट तथा कार्यक्रम र खर्चको प्रगति बिबरण सहित बार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई मिति २०८३।०५।१६ गते मंगलबार गर्ने निर्णय गरियो। |
| [illegible] | [illegible] ०७५।०७६को दफा १२३को सामाजिक सुरक्षाको बेरुजु सम्परीक्षण गर्ने सम्बन्धमा | आर्थिक बर्ष २०७५।०७६मा सामाजिक सुरक्षा भत्ता एउटै खातामा निकासा हुने गर्थ्यो। समयमा सामाजिक सुरक्षा भत्ता निकासा नहुने हुँदा गाउँपालिकाको कोषबाट सामाजिक सुरक्षा भत्ता बितरण गरी गाउँपालिकाबाट निकासा बितरण को ले नि मा पेश गर्नुपर्ने हुन्थ्यो। भत्ता बितरण गर्ने सेड्यूलमा भत्ता निकासा नहुने र कार्यालयमा रहेको बितीय सामान्यीकरणवा कोषमा भएको जुनसुकै रकमबाट भत्ता निकासा दिई निकासा आएपछि श्रोत मिलान गर्नुपर्ने बाध्यता थियो। कुनै आर्थिक बर्षमा बिभागबाट पुरा भत्ता निकासा नै नभएको अन्तिम किस्ता सामाजिक सुरक्षा भत्ता कहिल्यै पुरा निकासा भएन। तसर्थ फरक शिर्षक भए तापनि उक्त सामाजिक सुरक्षा भत्ता बितरण भए तापनि उक्त भत्ता बितरंण भएको रकम रु १,४७,०००।० अक्षेरुपी एकलाख सत्चालिस हजार मात्र नियमित रुपमा सामाजिक सुरक्ष भत्ता पाउने लाभग्राहीलाई बितरण गरिएको हो। आर्थिक बर्ष ०७५।०७६को महालेखापरीक्षकको बेरुजु दफा १२३ मा लेखिएको वेरुजु लेखिएको रकम १,४७,०००।० नियम संगत छ। उक्त बेरुजु सम्परीक्षण गरी लगत कट्टा गर्न महालेखापरीक्षकको कार्यालयमा पेश गर्ने निर्णय गरियो। |
| १० | सरुवा सहमति सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिका वडा नं ६ मा कार्यरत वडा सचिव श्री भावना श्रेष्ठले पेश गर्नुभएको निवेदन अंनुसार निजलाई नाक सम्बन्धी ENT जटिल समस्या रहेको र अप्रेशन गर्नुपर्ने तथा नियमित स्वास्थ्य जाँच गर्नुपर्ने भएको हुँदा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा २४ को उपदफा ४ बमोजिम सरुवा सहमति दिने निर्णय गरियो। |
| ११ | शिक्षकहरुको स्थानीय भत्ताको लागि सिफारिस सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिका स्थीत सामुदायिक विद्यालयका शिक्षकहरुले कर्मचारी सरह स्थानीय भत्ता उपलब्ध गराइपाउँ भनि ज्ञापन सहित माग पत्र पेश गरेको र गाउँपालिकामा उक्त स्थानीय भत्ता भूक्तानी गर्न रकम नभएकोले माग अनुसारको स्थानीय भत्ता उपलब्ध गराइदिन वा भूक्तानी गर्न नमिल्ने नसकिने भए सो को स्पष्ट कारण खोली लिखित जानकारी उपलब्ध गराइदिन भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार काठमाडौं, शिक्षा तथा मानव श्रोत विकास केन्द्र र अर्थ मन्त्रालयमा माग पत्र सहित सिफारिस गरी पठाउने निर्णय गरियो। |
| १२ | बजेट थप सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपलिकाको आ व ०८३।०८४ मा सभापोखरी तिर्थस्थल पाटी पूननिर्माणमा विनियोजन भएको रकम रु ७०००००।०० मा अन्य संस्था साझेदारी आयोजना सञ्चालनबाट रु ५००००।०० बजेट थप गरी रु ७५००००।०० को आयोजना सञ्चालन गर्ने निर्णय गरियो। उक्त आयोजना कोटेशन मार्फत सञ्चालन गर्ने निर्णय गरियो। |
| १३ | कर्मचारी खटाउने सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी धार्मिक स्थलमा विगतमाझै नागपञ्चमी देखि जनैपूर्णिमा सम्म लाग्ने मेलामा प्राविधिक, स्वास्थ्यकर्मी र सुरक्षाकर्मी खटाउने निर्णय गरियो। |

सभापोखरी गाउँकार्यपालिकाको आर्थिक बर्ष ०८३।०८४को मिति २०८३।४।२७ गते बसेको चौथो कार्यपालिका बैठक निर्णय

| | | |
|---|---|---|
| १४ | एम्बुलेन्स सञ्चालन सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको नाममा रहेको सवारी नं को १ झ ६०१ रहेको पूरानो एम्बुलेन्सलाई सव बहानमा परिणत गरी सञ्चालन गर्न अनुमतीको लागि यातायात व्यवस्था कार्यालय सुनसरीमा पठाउने निर्णय गरियो साथै उक्त एम्बुलेन्स सव वहानको रुपमा प्रयोग गर्ने निर्णय गरियो। |
| १५ | ट्याक्टर तथा जे सि भि सहचालक नियुक्ती सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको नाममा रहेको ट्याक्टरको सहचालकको लागि मासिक तलब रु १८००० र महङ्गी भत्ता भूक्तानी गर्ने गरी ट्याक्टर सहचालकको लागि करार सेवाको विज्ञापन गर्ने निर्णय गरियो।<br>जे सि भि सञ्चालनको लागि सहचालक मासिक तलब ११००० र महङ्गी भृत्ता साथै गाउँपालिकाको निर्णयानुसार कार्य सम्पादनमा आधारित भत्ता पाउने गरी करार सेवामा पदपूर्ती गर्ने निर्णय गरियो। |
| १६ | च्याब्रुङ खरिद सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिका स्थित किरात याक्थुङ चुम्लुङ सभापोखरीको लागि रु १५०००० बराबरको च्याब्रुङ खरिद गर्ने निर्णय गरियो। उक्त रकम भूक्तानीको लागि सङ्खुवासभा पावरडेभ्लप्मेन्ट प्रा लि मा सामाजिक उत्तरदायित्व बाट कट्टा हुने गरी सम्बन्धित पाटी लाई भूक्तानी गरिदिन अनुरोध गर्ने निर्णय गरियो। |
| १७ | सवारी साधन पार्किङ्ग तथा व्यवस्थापन सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा श्री त्रिवेणी माध्यमिक विद्यालय बाहबिसेको च नं ०७ मिति २०८३।०४।२६ गतेको विद्यालय आसपासको क्षेत्रमा सार्वजनिक तथा निजी सवारीहरु अव्यवस्थित ढंगमा पार्किङ्ग गर्ने र सो कार्यबाट दुर्घटना हुनसक्ने भनि उक्त स्थानबाट पार्किङ्ग व्यवस्थापनको लागि नवेदन पेश आएको हुँदा सरोकारवालाहरुलाई सोहि अनुसार त्यसको विकल्पमा पार्किङ्गको लागि सभापोखरी गा पा वडा नं ६ स्थित देवललाईनमा नवनिर्मित बसपार्कमा पार्किङ्ग गर्ने/गराउने निर्णय गरियो। |
| १८ | प्रशासकीय भवनको लागि गजुर खरिद गर्ने सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको नवनिर्मित प्रशासकीय भवनको लागि गजुर (३ वटा) खरिद गर्ने निर्णय गरियो। उक्त गजुर खरिदको लागि चालु खर्च तर्फको विविध खर्च शिर्षक बाट रु १०००००।०० भूक्तानी गर्ने निर्णय गरियो। |
| १९ | आर्थिक सहायता सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा तपसिल बमोजिमको व्यक्तिहरुलाई आर्थिक सहयोग गर्ने निर्णय गरियो।<br>तपसिलः |

| क्र.स. | नामथर | ठेगाना | निवेदकको नामथर | स्वीकृत रकम | कै. |
|---|---|---|---|---|---|
| १ | गणेश कुमार तामाङ | सभापोखरी ६ | गणेश कुमार तामाङ | ५,०००।०० | |
| २ | जस वहादुर तामाङ | सभापोखरी १ | जस वहादुर तामाङ | १५,०००।०० | |
| ३ | राम मन्दिर बगैंचा टोल | सभापोखरी २ | राम मन्दिर बगैंचा टोल | १५,०००।०० | |
| ४ | नन्द कुमारी श्रेष्ठ | सभापोखरी २ | दोर्ण वहादुर श्रेष्ठ | १०,०००।०० | |
| ५ | दिल कुमारी लिम्बु | सभापोखरी ५ | मन वहादुर लिम्बु | १०,०००।०० | |

Scanned with CamScanner

सभापोखरी गाउँकार्यपालिकाको आर्थिक बर्ष ०८३।०८४को मिति २०८३।४।२७ गते बसेको चौथो कार्यपालिका बैठक निर्णय

| | | |
|---|---|---|
| १४ | एम्बुलेन्स सञ्चालन सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको नाममा रहेको सवारी नं को १ झ ६०१ रहेको पूरानो एम्बुलेन्सलाई सव बहानमा परिणत गरी सञ्चालन गर्न अनुमतीको लागि यातायात व्यवस्था कार्यालय सुनसरीमा पठाउने निर्णय गरियो साथै उक्त एम्बुलेन्स सव वहानको रुपमा प्रयोग गर्ने निर्णय गरियो। |
| १५ | ट्र्याक्टर तथा जे सि भि सहचालक नियुक्ती सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको नाममा रहेको ट्र्याक्टरको सहचालकको लागि मासिक तलब रु १८००० र महङ्गी भत्ता भूक्तानी गर्ने गरी ट्र्याक्टर सहचालकको लागि करार सेवाको विज्ञापन गर्ने निर्णय गरियो।<br>जे सि भि सञ्चालनको लागि सहचालक मासिक तलब ११००० र महङ्गी भत्ता साथै गाउँपालिकाको निर्णयानुसार कार्य सम्पादनमा आधारित भत्ता पाउने गरी करार सेवामा पदपूर्ती गर्ने निर्णय गरियो। |
| १६ | च्याब्रुङ खरिद सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिका स्थित किरात याक्थुङ चुम्लुङ सभापोखरीको लागि रु १५०००० बराबरको च्याब्रुङ खरिद गर्ने निर्णय गरियो। उक्त रकम भूक्तानीको लागि सङ्खुवासभा पावरडेभ्लप्मेन्ट प्रा लि मा सामाजिक उत्तरदायित्व बाट कट्टा हुने गरी सम्बन्धित पाटी लाई भूक्तानी गरिदिन अनुरोध गर्ने निर्णय गरियो॥ |
| १७ | आर्थिक सहायता सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा तपसिल बमोजिमको व्यक्तिहरुलाई आर्थिक सहयोग गर्ने निर्णय गरियो।<br>तपसिलः |

| क्र.स. | नामथर | ठेगाना | निवेदकको नामथर | स्वीकृत रकम | कै. |
|---|---|---|---|---|---|
| १ | गणेश कुमार तामाङ | सभापोखरी ६ | गणेश कुमार तामाङ | ५,०००।०० | |
| २ | जस वहादुर तामाङ | सभापोखरी १ | जस वहादुर तामाङ | १५,०००।०० | |
| ३ | राम मन्दिर बगैंचा टोल | सभापोखरी २ | राम मन्दिर बगैंचा टोल | १५,०००।०० | |
| ४ | नन्द कुमारी श्रेष्ठ | सभापोखरी २ | दोर्ण वहादुर श्रेष्ठ | १०,०००।०० | |
| ५ | दिल कुमारी लिम्बु | सभापोखरी ५ | मन वहादुर लिम्बु | १०,०००।०० | |

...री गाउँपालिका
...पालिकाको कार्यालय
बाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

निर्णय प्रमाणित
२०८३।४।२८
प्रमुख प्रशासकीय अधिकृत